# सत्याग्रही बिनु यादव र सरकार पक्षबीच भएको सहमति

१. सत्याग्रही विनु यादवका सत्याग्रहका मागहरुमध्ये रामेछाप जिल्लामा चलेको जाहेरवाला विनु यादव र प्रतिवादी पवन कठायत भएको जवरजस्ती करणी उद्योग मुद्दाको वदनियत पूर्वक अनुसन्धान एवं अभियोजन भएको भन्ने सम्बन्धमा र २०७६/०१/३० गते विनु यादव जाहेरवाला र प्रतिवादी प्रदिप कठायत भएको जवरजस्ती करणी मुद्दा कालिमाटी प्रहरी महिला सेलमा तत्कालीन अवस्थामा दर्ता भई २०७६/०१/३० गते नै पिडितको स्वास्थ्य परीक्षण समेत भई सकेको अवस्थामा पिडितलाई सुरज कार्की समेतले त्रासमा पारी २०७६/०२/०५ गते जाहेरी फिर्ता गराएको भन्ने सम्बन्धमा सो विषय हेर्ने प्रयोजनार्थ पीडित बिनु यादवले मुलुकी फौजदारी संहिता, २०७४ को दफा ९९ को कानूनी प्रक्रियाका लागि महान्यायाधिवक्ता कार्यालयको सम्बन्धित समितिमा छानविन र अनुसन्धानका लागि आफ्नो तर्फबाट गृह मन्त्रालय मार्फत पेश भएको निवेदन उपर कारवाहीका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

२. सत्याग्रही विनु यादवका मागहरुमध्ये सम्मानित अदालतमा विचाराधिन रहेका विषयका हकमा सम्मानित अदालतबाट न्यायिक निरुपण हुने नै छ ।

३. अन्य मागका सम्बन्धमा क्षेत्राधिकार रहेको सम्बन्धित निकायमा लेखी पठाउने ।

४. सत्याग्रही विनु यादवको पछिल्लो स्वास्थ्य अवस्थाको विस्तृत परीक्षण गरी स्वास्थ्य उपचार गर्न र नीजको जिविकोपार्जनका लागि आवश्यक सहयोग गर्न महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लेखी पठाउने ।

५. मिति २०८० वैशाख २७ गतेदेखि सत्याग्रह (अनसन) गरेकी बिनु यादवले आजैका मितिबाट सत्याग्रह अन्त्य गर्ने ।

| नेपाल सरकारको तर्फबाट | सत्याग्रही पक्षको तर्फबाट |
|---|---|
| नामः जितेन्द्र बस्नेत<br>पदः सहसचिव/प्रवक्ता, गृह मन्त्रालय<br>हस्ताक्षरः<br>मितिः २०८०/०२/१० | नामः विनु यादव<br>हस्ताक्षर<br>मितिः २०८०/०२/१० |

रोहवरः

१. माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा, राष्ट्रिय महिला आयोग (९८४१३३४९३३)

२. अधिवक्ता इन्द्र प्रसाद अर्याल, काठमाडौं (९८५१०५८३६८)

३. उपसचिव उमाकान्त अधिकारी, गृह मन्त्रालय (९८५१२७७०१२)

४. प्र.म.वि.अ. ममता विष्ट, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (९८४१६१४५८६)